# साझा विकास बैंक लिमिटेड धनगढी, कैलालीलाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्वन्धी सूचना

साझा विकास बैंक लिमिटेड धनगढी, कैलालीको २०७१ पुस मसान्तको वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षण पश्चात् सुपरिवेक्षकीय समायोजन गर्दा संस्थाको पूँजीकोष ९.५३ प्रतिशत मात्र कायम भई यस बैंकवाट तोकिए बमोजिम कायम गर्नु पर्ने न्युनतम पूँजीकोष ११ प्रतिशत भन्दा १.४७ प्रतिशत विन्दुले कम भएको देखिएकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(क) बमोजिम देहाय बमोजिमको निर्देशन दिइएको छ ।

(अ) सुधार कार्यक्रमहरु सम्बन्धमा बैंक/वित्तीय संस्थाको उच्च व्यवस्थापनसँग छलफल गरी छलफलका विषयवस्तुहरुलाई अभिलेखको रुपमा राख्नु हुन ।
(आ) बैंक/वित्तीय संस्थाको पूँजी बृद्धि (रि-क्यापिटलाईजेशन) गर्न पूँजी योजना पेश गर्नु हुन ।
(इ) लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाइएको छ ।
(ई) नयाँ शाखा खोल्न रोक लगाइएको छ ।
(उ) मिति २०७२।४।२८ को कारोवार पश्चात् कायम निक्षेप मौज्दातमा १० प्रतिशतसम्म थप गर्दा हुन आउनेसम्मको सीमाभित्र रही निक्षेप परिचालन गर्नु हुन ।

मिति : २०७२/०४/३१